वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

bhanjyangnews.com

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २७६ | २०८२ फागुन १२ गते मंगलबार, नेपाल सम्वत् ११४६ February 24, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-

### धादिङ बस दुर्घटना : तनहुँका ५ सहित १९ जनाको मृत्यु, २५ जना घाइते

# आफ्नै बसमा अस्ताए ओमकुमार, ढकाल दम्पत्तिले पनि ज्यान गुमाए

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

पोखराबाट काठमाडौँका लागि छुटेको बस धादिङमा दुर्घटना हुँदा ठूलो मानवीय क्षति भएको छ । पोखराबाट आइतबार साँझ ७:०० बजे छुटेको माछापुच्छ्रे टुर्स एन्ड ट्राभल्सको ग२ख १४२१ नम्बरको बस धादिङको बेनीघाट रोराङ गाउँपालिका–५ भैँसीगौडामा दुर्घटना हुँदा १९ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् । दुई जना विदेशी पर्यटकसहित ४४ जना यात्रु सवार उक्त बस दुर्घटना हुँदा मृत्यु हुनेमा तनहुँका ५ जना रहेका छन् । बस दुर्घटनामा परेका १९ जनाकै पहिचान खुलेको छ भने घाइते २६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

उक्त दुर्घटनामा परी स्टेवार्ट डोमिनिक इथान, २४ वर्षीय बेलायती नागरिक, जिल्ला कास्की, पोखरा महानगरपालिका–३० बस्ने वर्ष अन्दाजी ४० वर्षीय विवेक बस्तोला, जिल्ला स्याङ्जा, वालिङ १४ घर भई हाल काठमाडौं नागार्जुन नगरपालिका–६ बस्ने ६३ वर्षीय चन्द्रबहादुर कुँवर, जिल्ला तनहुँ, व्यास नगरपालिका–४ बस्ने अन्दाजी ४० वर्षीय ओमकुमार मल्ल, जिल्ला धादिङ, साबिक सल्यानकोट–८ हाल त्रिपुरासुन्दरी गाउँपालिका–४ बस्ने अन्दाजी ३० वर्षीय इन्जिनियर ठकुरी, जिल्ला तनहुँ, शुक्लागण्डकी नगरपालिका–७, मालेबगर बस्ने अन्दाजी ५५ वर्षीय विष्णुमाया ढकाल, जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका–६, बौद्ध टुसाल बस्ने अन्दाजी ४२ वर्षीय लोप्साङ गोले, जिल्ला तनहुँ, भिमाद नगरपालिका–६ बस्ने अन्दाजी ४६ वर्षीय हरिप्रसाद सिग्देलको मृत्यु भएको छ ।

यस्तै, जिल्ला पाल्पा, तानसेन नगरपालिका–२ बस्ने अन्दाजी ५५ वर्षीय नवीन्द्र श्रेष्ठ, जिल्ला तनहुँ, शुक्लागण्डकी नगरपालिका–७ बस्ने ६३ वर्षीय रूद्रप्रसाद ढकाल, जिल्ला तनहुँ, शुक्लागण्डकी नगरपालिका–२ बस्ने २० वर्षीया अर्चना पौडेल, जिल्ला कास्की, पोखरा महानगरपालिका–१४, चाउथे बस्ने २१ वर्षीया अञ्जली क्षेत्री, जिल्ला कास्की, माछापुच्छ्रे गाउँपालिका–३ बस्ने २१ वर्षीय रोहित नेपाली, जिल्ला स्याङ्जा, पुतलिबजार नगरपालिका–६ बस्ने ४५ वर्षीय धनश्याम सुवेदी, काठमाण्डौं महानगरपालिका–३२ बुद्धनगर बस्ने ३३ वर्षीया अनिशा महर्जन, जिल्ला मोरङ, उर्लाबारी–१ स्थायी ठेगाना भएकी २७ वर्षीया हीरा चौधरी, जिल्ला कास्की, पोखरा महानगरपालिका–१९ बस्ने २६ वर्षीय सुजित नेपाली, भारत, उत्तर प्रदेश प्रान्त, बसहरी बहराईच घर भएका ३२ वर्षीय मनिष शुक्ला, पुरूष (भारतिय नागरिक), चाङ चुङचङ, ४० वर्षीया चिनिँया नागरिकको मृत्यु भएको बताइएको छ ।




**साउदीबाट फर्किएर बस किनेका मल्ल आफ्नै बसमा अस्ताए**

तनहुँको व्यास नगरपालिका–५ का ४० वर्षीय ओमबहादुर मल्ल सात वर्ष साउदी अरबमा पसिना बगाएर पाँच वर्षअघि स्वदेश फर्किएका थिए। परदेशको कमाइले उनले पोखरा–काठमाडौं चल्ने डिलक्स बस किनेका थिए । त्यो बस केवल व्यवसाय थिएन, परिवारको भविष्यको सपना बनाएका थिए ।

तर सोमबार बिहान करिब साढे एक बजे त्यो सपना त्रासदीमा बदलियो । ग२ख १४२१ नम्बरको आफ्नै बसमा श्रीमती सुकमायासँग काठमाडौं जाँदै गरेका मल्लको बस बेनीघाट रोराङ गाउँपालिका–५ भैंसीगौंडास्थित पृथ्वीराजमार्गबाट त्रिशूली नदीमा खस्यो। आफ्नै पसिनाले किनेको बसमै उनले ज्यान गुमाए ।

उनकी श्रीमतीको करङ र हात भाँच्चिएको छ । टाउकोमा चोट लागेको छ । उनको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । अवस्था मध्यम छ । बसका चालक सुजित नेपालीको पनि दुर्घटनामा निधन भएको छ भने सहयोगी प्रतीक पौडेल घाइते छन् ।

व्यास नगरपालिका–५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठका अनुसार मल्लका एक छोरा र एक छोरी छन् । नेवारी परम्पराअनुसार छोरीको गुफा

बाँकी अन्तिम पेजमा

# प्रादेशिक अस्पतालमा ‘डिजिटल मेडिकल रेकर्ड’ प्रणाली लागू

**भञ्ज्याङ समाचारदाता**/दमौली

सदरमुकाम दमौलीस्थित प्रदेश अस्पतालमा ‘डिजिटल मेडिकल रेकर्ड’ तथा जाँच प्रक्रिया सुरू गरिएको छ। अस्पतालले सेवासुविधा थप गर्ने क्रममा सम्पूर्ण बिरामीहरूको मेडिकल रेकर्ड र जाँच प्रक्रिया कम्प्युटर प्रविधिमार्फत सञ्चालनमा ल्याएको हो ।

नयाँ प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा रहेकाले बिरामी तथा स्वास्थ्यकर्मीहरुलाई यससम्बन्धी तालिम प्रदान गर्ने कार्य निरन्तर भइरहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमलामोहन वाग्लेले जानकारी दिए। सोही कारण सेवा प्रवाहमा केही ढिलासुस्ती तथा झन्झट हुन सक्ने उनले बताए ।

डिजिटल प्रणाली लागू भएसँगै बिरामीहरूको सम्पूर्ण मेडिकल रेकर्ड कम्प्युटर प्रणालीमा सुरक्षित रहने र आगामी दिनहरूमा कागजी प्रक्रियाबाट हुने झन्झट न्यून हुँदै जाने अपेक्षा गरिएको उनको भनाइ छ । वाग्लेले भने, “यो प्रणालीले सबै बिरामीको विवरण एक क्लिकमा हेर्न सकिनेछ । यसले सेवा प्रवाहमा समेत सहजता ल्याउनेछ ।”

अस्पतालमा तनहुँ, लमजुङ, गोरखा, कास्कीबाट समेत बिरामी सेवा लिन आउने गरेका छन् । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

अस्पतालमा फोहोरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्स सहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्स–रे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार भइसकेको छ ।

साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवा समेत प्रदान गर्दै आइरहेको अस्पतालले जनाएको छ ।

अस्पतालले आर्थिक वर्ष २०८१/८२ मा एक लाख सात हजार ९८३ जनालाई सेवा दिएको थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा ९८ हजार ३५६ जनाले सेवा लिएका थिए । यस्तै, आर्थिक वर्ष २०७९/८० मा अस्पतालले ७३ हजार २५३ लाई सेवा दिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०७८/७९ मा ६४ हजार ५९४ लाई सेवा दिएको थियो ।

# राजनीतिक दलको चुनावी प्रतिबद्धतामा जलवायु परिवर्तनका मुद्दा

**रासस**/काठमाडौं

प्रमुख राजनीतिक दलले जलवायु परिवर्तनको मुद्दालाई आफ्नो घोषणापत्रमा महत्वका साथ समावेश गरेका छन् । जलवायु परिवर्तनका कारण मुलुकले ठूला समस्या भोग्नु परेको तथा जनजीवन समेत प्रभावित हुन थालेपछि यसपटक विशेष रूपमै यस विषयलाई प्राथमिकतामा राखेका हुन् । जलवायु परिवर्तन हुनुमा नेपालको भूमिका कम भएपनि प्रभावका हिसाबले जोखिमयुक्त देशका रूपमा रहेको, हिमाली क्षेत्रमा प्रत्यक्ष रूपमा समस्या देखिन थालेकाले पनि राजनीतिक दलले यस विषयलाई नीतिगत रूपमा प्राथमिकतामा राखेका हुन् । नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीले प्रष्ट रूपमा जलवायु परिवर्तनका मुद्दालाई आफ्नो घोषणापत्रमा समावेश गरेका छन् । अन्य राजनीतिक दलले पनि यस विषयलाई आफ्नो घोषणापत्रमा समावेश गरेर यो विषय साझा हो भन्नेमा स्पष्ट पारेका छन् ।

हिमालमा हिउँ छैन । अत्यधिक वर्षा, न्यून वर्षा अनि बेमौसममा पर्ने पानीका कारण हरेक बर्ष नेपालले ठूलो समस्या र जटिलता भोग्दै आएको छ । ग्रामीण बस्तीमा पानीको मुहान सुक्दै गएको छ । पिउने पानीको खोजीमा मानिस भौतारिनुपर्ने अवस्था छ । स्वच्छ पिउने पानी संविधान प्रदत्त मौलिक हक भित्र पर्ने भएपनि स्रोतको अभावमा आम नागरिकले हैरानी भोग्नु परेको छ।

नेपाली कम्युनिस्ट पार्टीले जैविक विविधतामा आधारित प्राङ्गारिक, वातावरणमैत्री, र जलवायु अनुकूल कृषि प्रणालीलाई प्राथमिकतामा राखेको छ । उत्पादन वृद्धिसहित देशलाई प्राङ्गरिक मुलुक घोषणा गर्ने नेकपाको संकल्प रहेको छ । हानीकारक रासायनिक विषादी नियन्त्रण गरी जैविक विविधता र रैथाने बाली संरक्षण गर्ने नीति नेकपाको छ । जनस्वास्थ्य र जैविक सुरक्षाका आधारमा ‘जिएमओ’ बाली प्रयोगमा प्रतिबन्ध लगाउने कार्यक्रमलाई नेकपाले आफ्नो प्रतिवद्धतापत्रमा उल्लेख गरेको छ । यो जलवायु परिवर्तनसँग लड्ने एउटा महत्वपूर्ण आधार हो ।

नेकपाले हरित अर्थतन्त्रको प्रवर्द्धनमा जोड दिएको छ । उद्योग, व्यवसाय, कार्यालय तथा प्रतिष्ठानले वातावरणमैत्री विधिहरू अवलम्बन गर्नुपर्नेछ । कार्बन मूल्य निर्धारणका लागि नीति निर्माण गरी कार्बन व्यापारका लागि स्पष्ट कानुनी र संस्थागत आधार तयार पार्ने लक्ष्य राखेको छ । नयाँ बन्ने नीतिले कार्बन उत्सर्जन घटाउने परियोजनालाई प्रोत्साहन दिई काबन क्रेडिटको उत्पादन, खरिद बिक्री र नियमनको व्यवस्था गर्ने विषयलाई नेकपाले आफ्नो वाचापत्रमा समावेश गरेको छ ।

नेपालले सन् २०४५ सम्म ‘नेट जिरो इमिसन’को लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिएको सन्दर्भमा नेकपाले कार्बन उत्सर्जन कम गर्दै जाने महत्वाकांक्षी लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेको छ । हरित गृह ग्यास उत्सर्जनका कारण पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनले जनताको जीवनमा पर्ने जोखिम कम गर्न अनुकूलन र न्यूनीकरणको कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

पृथ्वीको बढ्दो तापमान तथा जलवायु परिवर्तनका मुद्दालाई

बाँकी अन्तिम पेजमा

# फोहरजन्य वस्तु बिक्री गरी सात महिनामा रू १४ लाख आम्दानी

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी चालु आर्थिक वर्षको सात महिनामा रू १४ लाख भन्दा बढी आम्दानी गरेको छ। फोहरका रूपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्म रू १४ लाख ५० हजार ६११ आम्दानी गरेको हो ।

नगरपालिकाले फोहरमैला, सिसाजन्य वस्तु बिक्रीबाट उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए । फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी संकलन गर्न थालेको छ। कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताए । उनले भने, “एकैठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।”

फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताए ।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेलै फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने र नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता चिजहरू छुट्ट्यएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताए।

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............



# प्रवर्द्धनको पर्खाई

तनहुँकै सबैभन्दा अग्लो पहाड छिम्केश्वरी (२,१३४ मि.) केवल एक भौगोलिक संरचना मात्र होइन, इतिहास, संस्कृति र प्रकृतिको अनुपम उपहार हो । आँबुखैरेनी गाउँपालिका–५ मा अवस्थित यो चुली तल्लो महाभारत श्रृंखलाको पनि सम्भवतः सबभन्दा अग्लो शिखर मानिन्छ । फेदि गाईघाट (२०० मि.) देखि चुलीसम्म पाइने जैविक विविधता, प्राकृतिक छटा, बहुजातीय संस्कृति र धार्मिक आस्थाले यसको महत्व अझ बढाएको छ । चुलीमा शताब्दीयौं पुरानो छिम्केश्वरीमाई र बुढीदेवीको वासस्थल छ, जसको धार्मिक र सांस्कृतिक मूल्य अपार छ । यद्यपि, स्थानीयका अनुसार बुढीदेवीको मूर्ति हराइसकेको दुःखद तथ्य इतिहासको संरक्षणमा हाम्रो लापरबाहीकै उदाहरण हो । तर अझै पनि छिम्केश्वरीको शिखरमा पुगेपछि देखिने हिमाली श्रृंखला, पहाडी तरेली, समथर भित्री मधेस, चितवन राष्ट्रिय निकुञ्जदेखि त्रिशुली, मर्स्याङ्दी र सेती नदीका फाँटसम्म फैलिएको दृश्य अवर्णनीय छ । इतिहासमा फर्किंदा, यो भूभाग लिच्छवि राजा मानदेवको चाँगुनारायण अभिलेख (वि.सं. ५२१) मा उल्लेख हुन्छ । पछि यो क्षेत्र खस साम्राज्यको अधीनमा रह्यो र त्यसपश्चात गुरूङ र मगर शासकहरूको राज्य सञ्चालनमा आयो । वि.सं. १७५३ मा तनहुँका राजा दामोदर सेनले आफ्ना नाति नरभूपाल शाहलाई गोरखाको राजा बन्न सहज होस् भनेर छिम्केश्वरी भगवतीको पुरश्चरण गराएका थिए भन्ने ऐतिहासिक प्रमाणले यस स्थलको महत्व प्रष्ट्याउँछ।

छिम्केश्वरी जैविक विविधताको खानी हो । फेदीमा मयुर र गैंडाजस्ता उष्णकटिबन्दीय प्रजातिदेखि शिखरमा डाँफे र चौँरीसम्म बिचरण गर्न सक्ने वातावरण छ । झारल, घोरल, रतुवा मृग, चितुवा, बाँदरलगायत वन्यजन्तु र दर्जनौं चराचुरूङ्गी यस क्षेत्रको स्वर्गीय वासस्थान हुन् । वसन्त ऋतुमा शिखर वरिपरि फुल्ने लालीगुराँसले यहाँको सौन्दर्य दोब्बर हुन्छ । यसैगरी गुरूङ, मगर, तामाङ, चेपाङ, भुजेललगायत समुदायको रहनसहन, सांस्कृतिक सम्पदा र जीवनशैली छिम्केश्वरीको अर्को विशेषता हो । फेदीका ब्राह्मण, क्षेत्री, नेवार बस्तीले विविधताको समृद्ध तस्बिर पेश गर्छन् । धार्मिक पर्यटनका दृष्टिले पनि छिम्केश्वरी माई र बुढीदेवीको महत्व अपार छ । यो पहाड केवल प्राकृतिक सौन्दर्यको श्रोत मात्र होइन, भविष्यको समृद्धिको आधार बन्न सक्ने खजाना हो । करिब एक दशकअघि मर्स्याङ्दी जलाधार क्षेत्रमा 'स्मार्ट सिटी' र छिम्केश्वरीलाई 'राष्ट्रिय निकुञ्ज'को रूपमा विकास गर्ने बहस भए पनि राज्यको ध्यान नपुग्दा योजना ओझेलमा परेको छ । तर सम्भावना अझै उत्तिकै ताजा छ । फेदीदेखि शिखरसम्मको भौगोलिक संरचना र हावापानीको विविधताले यहाँ विश्वकै सुन्दर राष्ट्रिय निकुञ्ज निर्माणको सम्भावना दिन्छ । त्यसका लागि केही बस्तीलाई व्यवस्थित रूपमा स्थानान्तरण गरी एकीकृत बस्तीको विकास गर्न सकिन्छ । वृक्षारोपणमार्फत जंगल क्षेत्र विस्तार गर्ने, वन्यजन्तुको संरक्षण गर्ने र लालीगुराँसलाई केन्द्रमा राखेर यसलाई विश्वकै सबैभन्दा ठूलो 'लालीगुराँस बगैंचा' बनाउन सकिन्छ । त्यससँगै फेदीदेखि मध्यम उचाइसम्म सडक यातायात जोड्ने र माथिल्लो भागलाई पैदल मार्गमार्फत मात्रै पहुँचयोग्य बनाउने योजनाले छिम्केश्वरीलाई 'हिल स्टेसन'का रूपमा विकास गर्न सक्नेछ । यसरी विकास गर्दा पर्यटकलाई प्रकृतिसँग नजिक गराउने मात्र होइन, स्थानीय उत्पादन र जनश्रमशक्ति प्रयोगमार्फत स्थानीयलाई प्रत्यक्ष लाभ दिलाउन सकिन्छ ।

चुलीमा रहेको भगवती मन्दिरलाई कलात्मक रूपमा पुनर्निर्माण गर्न सके धार्मिक पर्यटकको आकर्षण बढ्नेछ । वरिपरिको जमिन उपयोग गरेर सुन्दर पार्क निर्माण गर्ने, फुलबारी र विश्रामस्थल बनाउने कार्यले यसको महत्व थप बढाउँछ । संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा चुलीमा केही सुविधासम्पन्न रिसोर्ट र पाहुना घर सञ्चालन गर्न सकिन्छ । यस्ता रिसोर्टमा रैथाने बासिन्दाको लगानी र शेयर सहभागिता सुनिश्चित गर्न सकियो भने उनीहरूमा अपनत्व र प्रत्यक्ष लाभको अनुभूति हुनेछ । यसले पर्यटन विकाससँगै सामाजिक सहमति र स्थायित्व पनि ल्याउँछ । छिम्केश्वरी प्रकृतिले दिएको अनमोल उपहार हो । यसलाई केवल दर्शनीय स्थलका रूपमा सीमित नगरी दीर्घकालीन संरक्षण, व्यवस्थापन र योजनाबद्ध विकासतर्फ अघि बढाउन आवश्यक छ । मनोरेल वा केबलकार जस्ता हतारका परियोजनाभन्दा पनि स्थायी र दिगो योजनामा जोड दिनुपर्छ । हामी सबैले मिलेर छिम्केश्वरीलाई राष्ट्रिय निकुञ्जको रूपमा विकास गर्ने, जैविक विविधता संरक्षण गर्ने, धार्मिक र सांस्कृतिक सम्पदालाई पुनर्जीवित गर्ने र पर्यटनमार्फत स्थानीयलाई प्रत्यक्ष लाभ दिलाउने दिशामा अघि बढ्न सके यो पहाड तनहुँ मात्र होइन, सम्पूर्ण देशकै समृद्धिको 'कोसे ढुङ्गा' बन्न सक्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# मतदाता शिक्षालाई कसरी प्रभावकारी बनाउने ?


प्रजातन्त्र या लोकतन्त्रमा जनताले छानेका व्यक्तिहरूले मात्र जनतामाथि शासन गर्न पाउँछन् या आधिकारिकरूपमा सेवा गर्न पाउँछन् भन्ने मान्यता छ । यो नयाँ नभएर धेरै पहिलेदेखिको मान्यता हो र आज पनि त्यो मान्यताका आधारमा जनताका प्रतिनिधि चयन गर्ने अथवा छान्ने प्रक्रियालाई निर्वाचन भनिन्छ । निर्वाचनका लागि मतदान गरिन्छ र मतदान प्रत्यक्षरूपमा या अप्रत्यक्षरूपमा गर्न सकिन्छ।

सामान्यतया केही शताब्दीदेखि मतदान गोप्यरूपमा गरिन्छ र आफ्ना देशका निर्वाचनसम्बन्धी ऐन नियमअनुसार निर्वाचित हुने तरिकाका आधारमा जय पराजय घोषणा गरिन्छ । खासगरी प्रत्यक्षरूपमा जनताले दिएको मतले जित्ने चलनलाई बढी मत ल्याउनेले जित्ने भनिन्छ र यसरी मतदिने व्यक्ति या नागरिकलाई मतदाता भनिन्छ, मतदाताले मत दिने साधनलाई मतपत्र भनिन्छ र त्यसरी मत दिनका लागि जुन ठाउँको चयन गरिन्छ, त्यस ठाउँलाई मतदान केन्द्र भनिन्छ । यसमा कस्ता नागरिकले मत दिन पाउने भन्ने कुरा सम्बन्धित लोकतन्त्रका लागि तयार गरिएको निर्वाचनसम्बन्धी ऐन, नियम, विनियमले तय गरिन्छ ।

नेपालको संविधानले मतदातालाई प्रजातन्त्रको आत्मासरह मानेको छ र १८ वर्ष पुगेको नेपाली नागरिकले आफ्नो नाम तोकेको अवधिमा मतदाताको रूपमा लेखाएर मतदान सुरक्षित गर्नुपर्छ । अहिलेको प्रसङ्ग हो समयावधि पहिले नै अन्तरिम सरकारले अचानक घोषित गरेको आम निर्वाचन २०८२, जुन यही फागुन २१ गते हुन लागेको छ । सरकारले निर्वाचनको सम्पूर्ण तयारी भइसकेको जनाएको छ । करिब १ करोड ८९ लाखभन्दा बढी मतदाता रहेको यस निर्वाचनमा करिब नौ लाख मतदाता नयाँ दर्ता भएका छन् । ती मतदाता सबै निकट समयमा हुनलागेको आम निर्वाचनका लागि तयार भइसकेका छन् र युवाहरूमा नयाँ निर्वाचनमा ठूलो अपेक्षा पनि देखिएको छ ।

अहिले फागुन ४ गतेदेखि १७ गतेसम्म निर्वाचन आयोगले सम्पूर्ण पालिकाहरूका वडाहरूमा मतदाता शिक्षा यसरी सुरू गरेको छ कि यसपटकको निर्वाचनमा बदर मत अत्यन्तै नगण्य होस् या हुँदै नहोस् भन्ने लक्ष्य राखिएको छ । यसका लागि आयोग आफैँले मतदान विज्ञहरूको स्वयंसेवक टोली तयार गरेर घरघरमा पठाएको देखिन्छ। त्यसो त करिब दुई करोड मतदाता जनसंख्यामा सबैतिर पुग्न गाह्रो त होला तर पनि भएको सुरूवातलाई सकारात्मक मान्नुपर्छ किनभने यो निर्वाचन अचानक हुन लागेको हो र पनि निर्वाचनको तयारी राम्रोसँग भएको पाइन्छ । जनतामा यो निर्वाचनबाट मुलुकको नयाँ भविष्यप्रति अपेक्षा धेरै राखेको पनि पाइन्छ । खासमा सुशासन, भ्रष्टाचारमुक्त समाज, निष्पक्ष निजामती प्रशासन तथा सन्तुलित विकासको धारणा नै अहिलेको निर्वाचनले चुनेका सांसदहरूबाट आशा गर्न सकिन्छ। नीति नै ठूलो कुरा हो र राजनीति शुद्ध भए सबै कुराको नीति सङ्लिन्छ भन्ने मान्यता छ ।

त्यसैले लोकतान्त्रिक निर्वाचनमा मतदाता शिक्षा अत्यन्त आवश्यक हुन्छ । किनभने यसले मतदातालाई आफ्नो अधिकार, कर्तव्य र मतदान प्रक्रियाबारे सही जानकारी दिन्छ। शिक्षित मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा सोचेर मत दिन सक्छन्, जसले योग्य नेतृत्व चयन गर्न मद्दत गर्छ। यथोचित मतदाता शिक्षा नभएमा झुठा प्रचार, लोभ–लालच, जातीय वा क्षेत्रीय प्रभावमा परेर गलत निर्णय हुन सक्छ भन्ने मान्यता छ। यसले मत बदर हुने सम्भावना पनि घटाउँछ र सबै नागरिकलाई निर्भय र स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्छ । त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक हुन्छ ।




### मतदाता शिक्षामा ध्यान दिनुपर्ने कुराहरु

मतदातालाई मतदान सम्बन्धी शिक्षा दिँदा मतदानको अधिकार र कर्तव्यबारे जानकारी दिनुपर्दछ । यसका लागि पनि मतदाता शिक्षा आवश्यक परेको हो जसले मतदान गर्ने र यसको महत्व के हो भन्ने स्पष्ट गराउँछ । मतदान गर्ने तरिका सिकाउनु जरूरी हुन्छ किनभने विभिन्न तरिकाका मतपत्र कसरी सही तरिकाले प्रयोग गर्न सिकाउने जसले गर्दा मत बदर नहोस् । त्यसैगरी उम्मेदवार छनोटको आधार जस्तो कि जात, धर्म, पैसा वा लोभमा नभई योग्यता, नीति र कार्यक्रम हेरेर मतदान गर्न प्रेरित गर्ने शिक्षा प्रदान गर्नुपर्दछ ।

निर्भय र स्वतन्त्र मतदानका लागि कसैको दबाब, धम्की वा प्रलोभनबाट टाढा रहन सिकाउनुपर्दछ । निर्वाचन आचारसंहिताका बारेमा कुरा गर्दा निर्वाचनमा मतदाताहरूका लागि पनि आचार संहिता तयार गरिएको हुन्छ । त्यसो त मतदाताले उम्मेदवारहरूका बारेमा पनि आचार संहिता थाहा पाउनु जरूरी हुन्छ जसले गर्दा निर्वाचन या चुनावका नियम र कानुनी व्यवस्थाबारे जानकारी होस् ।

मतदातामा निर्वाचनसम्बन्धी सही सूचना र गलत प्रचार छुट्याउने क्षमता वृद्धि गरी अफवाह र भ्रामक समाचारबाट सचेत गराउने किसिमको ज्ञान पनि मतदाता शिक्षामा नै पर्दछ । गलत सूचना, मिथ्या सूचना, भ्रामक सूचनाबाट मतदातालाई सचेत गराउन पनि मतदाता शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । समावेशी सहभागिताको मान्यता बमोजिम ज्येष्ठ नागरिक पुरूष या महिला, अपांगता भएका व्यक्ति, युवा, प्रौढ, अक्षर नचिन्ने दुर्गम क्षेत्रका नागरिक सबैलाई पहुँच हुने गरी शिक्षा दिनुपर्दछ । अक्षर चिन्न गाह्रो हुने भएकाले निर्वाचनमा चिन्हको प्रयोग गरिएको हो भनेर मतदाता शिक्षामा स्पष्ट हुनुपर्दछ।

आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भन्नेबारे सचेत गराउनका लागि मतदाता नामावली जाँच पनि मतदाता शिक्षामा आवश्यक पर्दछ । अहिले हातमा भएको मोबाइलबाट पनि सम्बन्धित तर सम्भावित मतदाताको नाम हेर्न मिल्ने र उसको मतदाता क्रमसङ्ख्या समेत दिन मिल्ने भएकाले मतदान स्थल, मतदान समय, आफूलाई मनमर्ने दल या व्यक्तिको चिन्हसमेत भएको नमुना मतपत्र देखाएर मत दिनका लागि उत्प्रेरित गर्ने गर्नुपर्दछ।

सही तरिकाले मतदान गर्ने र नक्कली मतदान घटाउने उपायहरु पनि मतदाता शिक्षामा नै अवलम्बन गरिनु पर्छ जसले गर्दा जसले मत दिन पाउने हो उसले मात्र मतको सदुपयोग गरून् र जसले पाउनै पर्ने हो उसले मात्र मत पाओस् भन्ने कुरामा मतदाता शिक्षामा ध्यान दिनैपर्छ। जस्तो कि मतदाता परिचयपत्र अनिवार्य गर्ने या सही मतदाताले मात्र मतदान गरोस् भन्ने कुरामा सचेत गराउने, जैविक पहिचान (फोटो, औंठाछाप आदि) प्रयोग गर्ने, मतदाता नामावली अद्यावधिक र शुद्ध राख्ने, मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था गर्ने, मतदान अधिकृत र स्वयंसेवकलाई राम्रो तालिम दिने, नक्कली मतदान गरे कानुनी कारबाही हुने चेतना फैलाउने, मतदातालाई आफ्नो मत आफैँ हाल्नुपर्नेबारे सचेत गराउने, प्रविधिको प्रयोग बढाउने र मतदाताले आफूले मात्र होइन अरूले पनि गलत काम नगरोस् भन्ने कुरामा सचेत रहनका लागि मतदाता शिक्षामा सिकाउनु पर्छ ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ।

**वृष**
मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ।

**मिथुन**
पढाइका माध्यमबाट दिगो सम्बन्ध स्थापित गर्ने समय छ। व्यापार बढ्नाले आयस्रोत सबल हुनेछ।

**कर्कट**
वादविवादले साथीभाइमा फाटो ल्याउनेछ। निम्तो आए पनि आतिथ्य खर्चिलो तथा महँगो साबित हुनेछ।

**सिंह**
भेटघाटले काममा अलमल्याउन सक्छ। तापनि मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ।

**कन्या**
उठ्नुपर्ने रकम तत्काल हातलागी नहुन सक्छ। व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला।

**तुला**
विवादास्पद काममा अलमलिनुपर्दा चिताएको काममा बाधा पुग्नेछ। परिस्थिति अलि संघर्षपूर्ण रहला।

**वृश्चिक**
मिहिनेतले पछिसम्म फाइदा हुनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ।

**धनु**
आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ।

**मकर**
आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम थालनी हुनेछ। आफ्नो प्रतिभाको कदर हुनेछ।

**कुम्भ**
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र पनि फराकिलो बन्नेछ।

**मीन**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ।

# मतदाता शिक्षालाई कसरी ........

यसरी सही मतदाता शिक्षा र सही व्यवस्थापनबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ। मतदाता शिक्षाको अर्थ हो मतदान गर्नु नागरिक अधिकार र कर्तव्य दुवै हो भन्ने सम्झाउनु । मतदानले गर्ने निर्णयले मुलुकको भाग्य बदल्न सकिन्छ । असल जनप्रतिनिधिले मात्र जनताको मतको कदर गर्नसक्छ किनभने उसले मात्र जनताको भावनाको कदर गरेर जनमतको सम्मान गर्नसक्छ । प्रजातन्त्रमा त्यस्तो मतदाताले मात्र प्रजातन्त्रको मर्म बुझेको ठहरिन्छ। असल उम्मेदवार भनेको समूहगत रूपमा या व्यक्तिगत मान्यताका आधारमा पनि छुट्याउन सकिन्छ । प्रजातन्त्रमा समूहगत मान्यतालाई मतदाताले मान्यता दिने भएकाले वहुलवादी व्यवस्थामा मात्र प्रजातन्त्र फस्टाउँछ भन्ने मान्यता संसारभरि छ । त्यसैले मतदान गर्दा बदर मत घटाउनका लागि केही उपायहरु अपनाउन सकिन्छ।

**बदर मत घटाउन अवलम्बन गर्न सकिने उपायहरु**

बदर मतको संख्या घटाउनका लागि मतदान गर्ने तरिकाबारे स्पष्ट शिक्षा दिने र मतपत्रमा कहाँ र कसरी छाप लगाउने भन्ने कुरा पहिले नै अभ्यास गराउने गर्न सकिन्छ। नमुना मतपत्रको प्रयोग गरेर मतदान केन्द्र बाहिर नमुना मतपत्र राखेर सही तरिका देखाउने गर्न सकिन्छ । त्यसैगरी स्पष्ट र सजिलो मतपत्र डिजाइनमा चिन्ह, नाम र कोठा प्रष्ट देखिने बनाउने, मतदान अधिकृतबाट आवश्यक निर्देशन दिने, मतदान अघि सामान्य जानकारी दिने (तर कसलाई मत दिने भनेर नभन्ने) र हस्ताक्षर गरेरमात्र मतपत्र उपलब्ध गराउने, मतदातालाई पर्याप्त समय दिने र हतारमा मत हाल्दा गल्ती हुने भएकाले आरामसँग मतदान गर्ने वातावरण बनाउने काम गर्न सकिन्छ।

त्यस्तै शिक्षा तथा सचेतना कार्यक्रम अन्तर्गत रेडियो, टिभी, सामाजिक सञ्जाल, विद्यालय आदि मार्फत सही मतदान विधि सिकाउने, अशिक्षित, वृद्ध तथा अपाङ्गता भएका मतदातालाई सहयोग गर्ने र कानुन अनुसार गोपनीयता कायम राख्दै सहयोग गर्ने व्यवस्था मिलाउने जसका लागि मतदान केन्द्रमा रहेका स्वयंसेवक तथा परिवारका सदस्यहरूलाई मतको सदुपयोग गर्न सचेत गराउँदै विश्वास गर्ने गर्न सकिन्छ ।

यसका साथै एक मतपत्रमा एक मात्र चिन्ह लगाउनुपर्छ भन्ने जानकारी दिने र धेरै ठाउँमा छाप लगाए बदर हुन्छ भन्ने कुरा स्पष्टसँग बुझाउने, यी उपायहरूले मतदाताका गल्तीहरूमा कमी आई बदर मत घट्छ र निर्वाचन परिणाम अझ सही र प्रभावकारी हुन्छ ।

मतदाता शिक्षा दिने स्वयंसेवक निष्पक्ष र उत्तरदायी व्यक्ति हुनु अनिवार्य छ । खासगरी सहर या गाउँ जहाँ भएपनि मतदाताले कसलाई मत दिने हो भन्ने बुझ्न खोज्छन्, त्यस्ता मतदाताहरूलाई स्पष्टरूपमा मतदाता शिक्षा प्रदान गर्ने नागरिक समाजका व्यक्ति हुन् या स्वयंसेवकहरु हुन्, तिनले सही सल्लाह दिनुपर्छ । तर दलीय कार्यकर्ताहरूले दिने मतदाता शिक्षामा भने आफ्नो दलको चिन्हमा मत दिन आग्रहसाथ शिक्षा दिएका पनि हुन सक्छन् । हुनत त्यसलाई पनि सचेतनाको तरिकाले बुझ्नुपर्छ र सकेसम्म मतदातालाई पक्ष या विपक्षमा भन्दा सही व्यक्ति छान्ने प्रक्रियाका बारेमा जानकारी दिनु नै मतदाता शिक्षाको प्रभावकारी उपादेयता हुनेछ ।


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**फागुन १६ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


bhanjyangnews.com

# वीरगञ्जमा कर्फ्यु हट्यो, निषेधाज्ञा जारी

**रासस/वीरगञ्ज**

जिल्ला सुरक्षा समिति पर्साले वीरगञ्ज महानगर क्षेत्रमा चार किल्ला तोकेर लगाइएको कर्फ्यु आदेशलाई हटाएर निषेधाज्ञा जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालले सोमबार बिहान ९:४५ बजेदेखि लगाइएको कर्फ्युलाई साँझ ४:३० बजेदेखि निषेधाज्ञामा सीमित हुने आदेश जारी गर्नुभएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साको सभाहलमा बसेको सर्वदलीय र सर्वपक्षीय बैठकले आइतबार वीरगञ्ज महानगर–११ स्थित श्रीपुरमा भएको घटनाको सम्बन्धमा तीनबुँदे सहमति गरेसँगै प्रजिअ दाहालले कर्फ्यु आदेश हटाउँदै निषेधाज्ञा जारी गर्नुभएको हो ।

"समग्र शान्ति सुरक्षाको अवस्था विश्लेषण गर्दा परिस्थिति क्रमशः सुधार हुँदै गएको देखिएको र सम्बद्ध पक्षसँग सोमबार भएको सर्वपक्षीय बैठकमा भएको निर्णयसमेतका आधारमा उक्त कर्फ्यु आदेशलाई निरन्तरता दिइरहनुपर्ने नदेखिएकाले सोमबार साँझ ४:३० बजेदेखि लागू हुने गरी उक्त कर्फ्यु आदेश हटाइएको छ", प्रजिअ दाहालले भन्नुभयो ।

परिस्थिति पूर्ण रूपमा सामान्य भई नसकेको अवस्थालाई मध्यनजर गरी वीरगञ्ज महानगरको चारकिल्ला क्षेत्रमा मङ्गलबार बिहान ८:०० बजेसम्म निषेधाज्ञा जारी गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले पूर्वमा बाइपासरोड, पश्चिममा रानीघाट पुल, उत्तरमा पावरहाउस चोक र दक्षिणतर्फ घण्टाघरचोकलाई सीमना तोकेर कसैले आवतजावत गर्न कुनै प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा बैठक, घेराउ गर्न नपाउने गरी निषेधाज्ञा जारी गरेको हो ।

# फोहरजन्य वस्तु बिक्री ......

नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाएको छ । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहरहरू छुट्याएर बिक्री गरिरहेको छ ।

३२ वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले बताए। "विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।" नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक रूपमा फोहर सङ्कलन गर्दै आएको छ। नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर संकलन हुने गरेको छ ।

## भिमाद नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१२**

यस नगरपालिकाबाट तपसिल बमोजिम कार्यको लागि मिति २०८२/१०/०४ गतेको बोलपत्र आव्हानको सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रही उक्त बोलपत्र स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सवैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कबोल अङ्क मु.अ.क. र पि.एस. सहित रु. |
|---|---|---|---|---|
| १. | 8/BM/NCB/Works/082/83 | Balmaitri Sthaniya Purwadhar Aayojana Shauchalaya tatha Khanepani Yojana at bhimad municipality | Eco Zone Architect and Construction pvt.Ltd, Pokhara-10, Kaski | ३६,९९,९४८।९ |

**प्रमुख प्रशासकीय अधिकृत**








**चुनाव प्रचार प्रसार** : आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका तनहुँ-१ को नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईको पक्षमा मत माग्दै व्यास-२ मा सोमबार चुनाव प्रचारप्रसार गर्दै कार्यकर्ताहरू । *तस्विर : भञ्ज्याङ*

facebook twitter

**Dr. Mukul Dhakal**
x.com/mukuldhakal

डिस्कर्डबाट प्रधानमन्त्री छान्यौ, अब फेसबुकबाट छान !
तर एउटा गम्भीर प्रश्न- दैनिकजसो तराईका फरक-फरक जिल्लाहरूमा कर्फ्यू आदेश जारी भइरहेका छन्, यस्तो त्रासको वातावरणमा चुनाव कसरी होला? के जनतालाई घरभित्र थुनेर, बन्दुकको घेरामा 'जबरजस्ती' चुनाव गराउनु नै तपाईंहरूको जित हो ?
असली जित त तब हुन्छ, जब समाजमा व्याप्त वैमनस्यता हट्छ र शान्ति एवं सद्भावको भयरहित वातावरणमा नागरिकले आफ्नो मत खसाल्न पाउँछन्। सत्ताको उन्मादमा सामाजिक सद्भाव नबिर्सौं । चेतना भया !

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# आफ्नै बसमा अस्ताए ........

रहेको एक साता भएको थियो । १२ दिनमा गुफा निकाल्नुपर्ने र त्यतिबेला कपडा लगायतका सामान किन्ने भन्दै मल्ल दम्पत्ति काठमाडौं जाँदै थिए। 'हामी एउटै गुठी भित्रका सदस्य हौं । बिहानै दुर्घटनाको खबर पाएपछि घर पुगेको थिएँ', उनले भने, 'अरू बेला ड्राइभर र कन्डक्टरकै भरमा बस छोड्ने हो। अहिले सामान किन्न भनेर काठमाडौं जाँदै रहेछन्।' १२ दिन नपुगी छोरीलाई गुफाबाट निकाल्न नमिल्ने उनले सुनाए । छोरीको १७ फागुनमा गुफा निकाल्ने तयारी थियो । उनका अनुसार ती छोरीका एक जना दाइ भारतमा छन् भने अर्को दाइको सवारी दुर्घटनामा खुट्टा भाँचिएको थियो । सोमबार मल्लको शव तनहुँ ल्याइसकिएको छ ।

**दुर्घटनामा ज्यान गुमाए ढकाल दम्पत्तिले**

धादिङको बेनिघाट रोराङ गाउँपालिकाको चरौंदीनजिक भैंसेडाँडा भन्ने स्थानमा १९ जनाको ज्यान जाने गरी भएको बस दुर्घटनामा शुक्लागण्डकी नगरपालिका-७ मालेबगरका रूद्रप्रसाद ढकाल र विष्णुमाया ढकाल दम्पत्तिको निधन भएको छ। रूद्रप्रसाद र विष्णुमाया काठमाडौं बुहारीकहाँ गएको बताइएको छ। सोमबार दुवै जनाको शव ल्याएर जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौतारामा राखिएको छ। दुवै छोरा विदेश रहेकाले उनीहरू आएपछि अन्त्येष्टि गरिने आफन्त दीपक पौडेलले जानकारी दिएका छन् ।

**बसभित्र च्यापिएका घाइतेको पाँच घण्टापछि जीवितै उद्धार**

यस्तै, उक्त दुर्घटनाग्रस्त बसभित्र च्यापिएका कृष्णराज मानन्धरलाई पाँच घण्टापछि जीवितै उद्धार गरिएको छ । बस दुर्घटनामा परेका ललितपुरको इमाडोलका मानन्धरलाई उद्धार टोलीले पाँच घण्टापछि जीवितै उद्धार गर्न सफल भएको हो। भिरमा बजारिएर कच्याक-कुचुक्क बनेको बसभित्रै च्यापिएका मानन्धरलाई बसको पार्टपुर्जा काटेर जीवितै बाहिर निकालिएको र उपचारका लागि काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमित खड्काले जानकारी दिए। पर्याप्त उद्धार सामग्रीको अभाव र अपठ्यारो स्थान भएकाले समयमा उद्धार गर्न कठिन भएको उनको भनाइ छ ।

'मलाई बचाउनुहोस् भन्दै यात्रु चिच्याइरहेका थिए । हामीसँग तुरून्तै बस उठाउन सक्ने वा काट्न सक्ने कुनै उपकरण थिएन। धेरै समय सान्त्वना दिएर राख्यौं, जनेरेटर सहितको मेसिन लगेर बसको साइलेन्सर र पछाडिको टायरपट्टिको भाग काटेर मानन्धरलाई बाहिर निकाल्यौं, प्रहरी उपरीक्षक खड्काले भने, 'उपचारका लागि काठमाडौं रिफर गरिएको छ, उहाँको अवस्था सामान्य नै देखिएको छ ।'

**छानबिन गर्न कार्यदल गठन**

धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, भैंसीगौडास्थित पृथ्वी लोकमार्गमा पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग२ख १४२१ नम्बरको यात्रुवाहक बसको दुर्घटनाबारे छानबिन गर्न सरकारले कार्यदल गठन गरेको छ । सोमबार गृह मन्त्रालयले दुर्घटना छानबिनका लागि सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू, यातायात विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक तथा यातायात व्यवसायी र मजदुर संघलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

कार्यदललाई बस दुर्घटनाको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको छ। उनका अनुसार उक्त दुर्घटनामा बसमा सवार ४४ जना यात्रुमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएका छन् । घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत स्थानीय बासिन्दाको समन्वयमा घटनास्थलमा उद्धारकार्य तदारूकताका साथ अगाडि बढाइएको मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

**सडक प्रयोग गर्दा ध्यान दिऔं ।**

- सडक सीमा अतिक्रमण नगरौं
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधानमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

**यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# राजनीतिक दलको .....

अन्तर्राष्ट्रियकरण गरी जलवायु संकटले हिमाली देशहरूमा उत्पन्न गरेको जोखिमबारे विश्वव्यापी रूपमा ध्यानाकर्षण गर्दै नेपालको नेतृत्वमा सरोकारवाला मुलकको सञ्जाल निर्माण गर्न पहल गर्ने योजना नेकपाले अगाडि सारेको छ ।

हिमाल बचाऔं अभियान सञ्चालन गर्ने, जलवायु परिवर्तनसँग सम्बद्ध विश्व सम्झौताहरूद्वारा स्थापित हरित जलवायु कोष, नोक्सानी क्षतिपूर्ति कोषजस्ता वित्तिय कोषको रकम तथा अन्य अवसरहरूको अधिकतम उपयोग गर्नका लागि विशेष कुटनीतिक साथै प्राविधिक पहल गर्ने नेकपाको योजना छ । विपद्को सम्भाव्य जोखिममा रहेका स्थानमा विपद् न्यूनीकरण पूर्वाधार निर्माण गर्ने, पूर्व तयारी संयन्त्रको प्रभावकारी कार्यान्वयन गर्ने विषय हालसम्मकै नयाँ कार्यक्रमको रूपमा नेकपाले लिपीबद्ध गरेको छ ।

प्राकृतिक प्रकोप तथा विपद प्रभावित बाढी पहिरो, भूकम्पजस्ता विपदबाट प्रभावित परिवारलाई तत्काल राहत, पुनः स्थापना र दीर्घकालीन जीविकोपार्जन योजना लागू गर्ने, विकासका योजना निर्माण गर्दा विपदजन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने नीति अवलम्बन गर्ने नेकपाको प्रतिवद्धतापत्रमा समावेश छ । ऊर्जा, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा संरचनागत सुधार गर्दै सन २०४५ सम्म नेटजिरो उत्सर्जन राष्ट्र बनाउने राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने कांग्रेसको योजना छ ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरूमा विभिन्न प्रतिबद्धता जनाएको छ । यसअघि नै जलवायु सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप-२६) मा सहभागिता जनाउँदै नेपालले सन २०४५ सम्म नेटजिरो कार्बन उत्सर्जन राष्ट्र बनाउने घोषणा गरेका थिए । सोहीअनुरूप राष्ट्रिय निर्धारित योगदान(एनडिसी) र अनुकूलन योजना तयार भएका थिए । घोषित प्रतिबद्धतालाई ठोस परिणाममा बदल्न आवश्यक पर्ने वित्तीय स्रोत, प्रविधि, संस्थागत क्षमता र स्पष्ट कार्ययोजनाको सुनिश्चितताका लागि कांग्रेस विभिन्न संकल्प गरेको छ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा पनि ऊर्जा, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा संरचनागत सुधार गर्दै सन २०४५ सम्म नेटजिरो उत्सर्जन राष्ट्र बन्ने राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने उल्लेख छ । औद्योगिक तथा घरायसी क्षेत्रमा प्रयोग हुने ऊर्जालाई वातावरणमैत्री बनाउन स्वच्छ र नवीकरणीय ऊर्जाको अनुपातमा उल्लेख्य वृद्धि गर्ने लक्ष्य प्रतिज्ञा पत्रमा राखिएको छ । वातावरण तथा वन संरक्षण, कार्बन उत्सर्जन कटौती, हरित अर्थतन्त्र र विपद्को पूर्वतयारीमार्फत बढ्दो प्रदूषण र जलवायु परिवर्तन, प्राकृतिक विपद्ले जनस्वास्थ्य र जनजीविकामा पारेको गम्भीर संकटलाई न्यूनीकरण गर्ने कांग्रेसको प्रतिवद्धता छ ।

संविधानले प्रत्याभूत गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने मौलिक हकलाई व्यवहारमा उतार्दै हावा, पानी, भूमि र खाद्य प्रणालीका लागि कडा राष्ट्रिय वातावरणीय मापदण्ड लागू गर्ने कांग्रेसको प्रतिज्ञा छ । त्यसैगरी कांग्रेसले विकास तथा वातावरण सन्तुलनसहित हरित विकास गर्ने लक्ष्य राखेको छ । पूर्वाधार, सहरी विकास, उद्योग र सार्वजनिक सेवामा न्यून कार्बन र वातावरणमैत्री प्रविधिको अनिवार्य प्रयोग गर्दै विकास र वातावरणबीच सन्तुलन कायम गर्ने कांग्रेसको प्रतिबद्धता छ । कांग्रेसले मुलुकको कूल वन क्षेत्र कम्तीमा ४६ प्रतिशत कायम राख्दै वन, जैविक विविधता, भू तथा जलाधार, सिमसार, ताल र पोखरी र प्राकृतिक पारिस्थितिक प्रणालीको संरक्षण गर्ने जनाएको छ ।

ग्रीन क्लाइमेट फण्ड, लस एण्ड ड्यामेज फण्ड, विश्व बैङ्क र एसियाली विकास बैङ्क जस्ता अन्तर्राष्ट्रिय स्रोतबाट प्राप्त हुने जलवायु वित्तलाई आगामी दिनमा रणनीतिक, परिणाममुखी र समन्वित रूपमा परिचालन गर्ने सो दलको भनाइ छ । यसैगरी कांग्रेसले निजी क्षेत्र तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै अन्तर्राष्ट्रिय र आन्तरिक जलवायु वित्तका स्रोत पहिचान, प्राप्ति र प्रभावकारी उपयोग गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना निर्माण गर्ने जनाएको छ । जलवायु न्यायका लागि महिला, आदिवासी, सीमान्तकृत समुदायलाई केन्द्रमा राखी अनुकूलन कार्यक्रम, बिमा, रोजगारी र प्रत्यक्ष सहायताका कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जलविद्युत्, सौर्य, ग्रीन हाइड्रोजन समेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजनाहरू सम्पन्न गरी ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबको रूपमा विकास गर्ने लक्ष्य राखेको छ । विद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् उपभोग दोब्बर बनाउने लक्ष्य राखेको छ ।

एमालेले जलवायु अनुकूलनको क्षेत्रमा उपलब्ध जलवायु वित्तको निश्चित प्रतिशत रकम पानीका मुहान संरक्षण गर्नेजस्ता जलवायु उत्थानशील कार्यक्रमहरूमा परिचालन गरी खानेपानीको आपूर्तिलाई सुनिश्चित गर्ने कार्यक्रम अगाडि सारेको छ । जैविक विविधता, बस्ती विस्तार र मानव क्रियाकलापसँग सन्तुलन सुनिश्चित गर्ने, पानीको स्रोत, माटोको उर्वरता, खाद्य उत्पादन, स्थानीय जलवायु, वन जंगलजस्ता इकोसिस्टम सेवाहरूको संरक्षण गर्ने कार्यक्रम एमालेको छ । यस्तै, पानीको मुहान, ताल नदी, सीमसार क्षेत्र लगायत जलाधार क्षेत्रको संरक्षण गर्ने विषयलाई एमालेले प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले जलवायु परिवर्तन अनुकूलन तथा लचिलोपनलाई विकास योजना, पूर्वाधार डिजाइन र बजेट प्रक्रियासँग जोड्ने कार्यक्रम अगाडि सारेको छ । राष्ट्रिय जलवायु वित्त रणनीति स्वीकृत गरी विश्वव्यापी जलवायु कोषहरूबाट नेपालले पाउनुपर्ने क्षतिपूर्ति र अनुदान प्राप्त गर्न उच्चस्तरीय कुटनीतिक पैरवी गर्ने सो दलको योजना छ । हिमाल र पर्यावरण जोगायन जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु नयायको रूपमा सशक्त ढंगले उठाउने, नेपाललाई पीडित राष्ट्रको पहिचानबाट माथि उठाउने सो पार्टीले आफ्नो वाचापत्रमा समावेश गरेको छ ।

जलवायु कुटनीति मार्गचित्र स्वीकृत गरी गरी आगामी जलवायु सम्मेलनहरूमा नेपालको एजेन्डा र मागहरूलाई उच्चस्तरीय र प्राविधिक रूपमा सशक्त बनाउने कार्यक्रम सो दलको छ । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी, उज्यालो नेपाल पार्टीलगायतले पनि जलवायु परिवर्तनका मुद्दालाई आफ्नो घोषणापत्रमा समावेश गरेका छन्।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४